# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) विराटनगर, नेपाल, असार ४ गते, २०८० साल (अतिरिक्ताङ्क ६

## भाग २

### प्रदेश सरकार

### कोशी प्रदेश

### विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

### आर्थिक सहायता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०

<u>प्रस्तावना:</u> आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कोशी प्रदेश सरकारले देहायको कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आर्थिक सहायता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **मूल कार्यविधिको दफा २ मा संशोधन :** (१) मूल कार्यविधिको दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ,-

(ख) **"कडा रोग"** भन्नाले अनुसूची २ मा उल्लिखित रोगहरुलाई सम्झनु पर्छ ।"

(२) मूल कार्यविधिको दफा २ को खण्ड (च) हटाइएको छ ।

३. **मूल कार्यविधिको दफा १० मा संशोधन :** मूल कार्यविधिको दफा १० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ,-

(२) "कुनै पनि व्यक्तिलाई एउटै कडा रोगमा दोहोरो पर्ने गरी प्रदेश सरकारबाट यस कार्यविधि बमोजिमको औषधी उपचार खर्च उपलब्ध गराइने छैन।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

४. मूल कार्यविधिको दफा १० को उपदफा (३) हटाइएको छ ।

५. मूल कार्यविधिको अनुसूची-३ को क्रम संख्या ५ को (ग) हटाइएको छ ।

स्वीकृत मितिः- २०८०/०३/०४

आज्ञाले,
सुरेश राउत
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
**website:- info.moial@koshi.gov.np**